- ❖ १३ विद्यालयलाई नमूना विद्यालयका रूपमा विकास,
- ❖ ६०८ विद्यालयलाई भौतिक पूर्वाधार सुधार अनुदान,
- ❖ १५४ विद्यालयमा विज्ञान प्रयोगशाला व्यवस्थापन,
- ❖ १०० विद्यालयलाई स्काउट विकासका लागि अनुदान।

## श्रम तथा रोजगार

- ❖ पासपोर्ट तथा सूचना सेवाः कोशी प्रदेशका १२ जिल्लामा २१ आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना गरी सूचना तथा परामर्श सेवा प्रदान गरिँदैछ, जसबाट ३,०५,६३७ (३०% महिला) व्यक्तिहरू लाभान्वित भएका छन्,
- ❖ वैदेशिक रोजगार समस्याको समाधानः ४,३१३ उजुरीमध्ये ६१% समस्या समाधान भई रु. ८६ करोड २० लाख क्षतिपूर्ति पीडितले प्राप्त गरेका छन्,
- ❖ सिप विकास तालिमः १,५४१ व्यक्तिले निःशुल्क ३० दिने आवासीय तालिम लिएका छन्,
- ❖ मानसिक स्वास्थ्य परामर्शः ३२ स्थानीय सरकारमा मनोपरामर्शकर्ताहरू तयार पारिएको, जसबाट २,९३१ मनोसामाजिक समस्याहरूमध्ये ७७% समाधान गरिएका छन्,
- ❖ पुनःएकीकरण सेवाः वैदेशिक रोजगारबाट फर्किएकाहरूका लागि १० स्थानीय तहमा पुनःएकीकरण सेवा सञ्चालन, डिजिटल प्रणालीमार्फत ७९१ व्यक्तिहरूको विवरण संकलन।

## व्यावसायिक सिप विकास तालिम

- ❖ २०८०/८१ मा ६८८ जनाले विभिन्न सिप सिकेका, महिलाको सहभागिता पुरुषको तुलनामा दोब्बर,
- ❖ रिटर्नी संजाल गठनः १० स्थानीय तहमा १७४ टोल/वडा/पालिका स्तरीय आप्रवासी/रिटर्नी संजाल गठन, ४,१५९ सदस्य आवद्ध,
- ❖ सामी कार्यक्रमः १४ जिल्लामा विस्तार, ४०,१०८ जनाले सूचना तथा परामर्श सेवा प्राप्त, ५४२ जनालाई न्यायमा सहजीकरण गर्दै रु. ३,७४,५१,४३० क्षतिपूर्ति उपलब्ध गराइएको,
- ❖ एकल महिला उद्यमशीलताः १,३५० महिलालाई सिपमूलक तालिम, रु. ६० लाख बिउ पूँजी परिचालन,
- ❖ दलित, जनजाति तथा सीमान्तकृत महिलाहरूः ७० स्थानीय तहमा १,४०० जनालाई तालिम,
- ❖ सुरक्षित आवास केन्द्रः १८ केन्द्रमा रु. १ करोड ६४ लाख सहयोग, १३७ स्थानीय तहमा संरक्षण कोष सञ्चालन,
- ❖ दीर्घकालीन पुनःस्थापना गृहः ५२ महिलालाई सेवा, ३७ जनाको पुनःस्थापना।

## बालबालिका

- ❖ सडक बालबालिका संरक्षणः १३० हराएका बालबालिकामध्ये ११० फेला पारिएको, १६२ उद्दार,
- ❖ बालविवाह अन्त्यः किशोरी सशक्तीकरण कार्यक्रम सञ्चालन,
- ❖ ज्येष्ठ नागरिक ग्रामः १० विगाहा १४ कठ्ठा जग्गा प्राप्त,
- ❖ दिवा सेवा केन्द्रः १०१ केन्द्रलाई अनुदान।

## अपाङ्गता

- ❖ पुनःस्थापना कार्यक्रमः १३७ स्थानीय तहमा सञ्चालन, ६६,३०५ व्यक्ति आवद्ध,
- ❖ सहयोगी सामग्री वितरणः ७,३४४ जनाले सामग्री प्राप्त, ३६,७३३ जनाले परिचय पत्र लिएका,
- ❖ सिप विकास तालिमः ४,३४० जनाले तालिम, ९६० जनाले व्यवसाय सञ्चालन,
- ❖ अपाङ्गता पहिचान तथा उपचारः ६०,१९६ नवजात शिशु परीक्षण, १८३ को समयमै उपचार।

## पर्यटन

- ❖ कोशी प्रदेशमा पर्यटन विकासलाई प्रवर्द्धन गर्न विभिन्न योजनाहरू लागू गरिएका। स्वीस सरकार र स्थानीय तहको सहकार्यमा ८३ कि.मि. लामो मुन्धुम पदमार्ग निर्माण गरिएको, साथै २ अर्ब ४५ करोडको लगानीमा चार प्रमुख पदमार्ग (लालिगुराँस, चियाबारी, मुन्धुम, फाल्गुनन्द) को ४०० कि.मि. लामो संरचना निर्माण भइरहेको,
- ❖ पर्यटन जानकारीका लागि इलामको पशुपतिनगर, जोरकलश, र झापाको काँकरभिट्टामा सूचना केन्द्र स्थापना, हिमाली पर्यटन प्रवर्द्धन गर्न सगरमाथा दिवस मनाउने निर्णय गर्दै हिमाल आरोहण सहयोगीहरूलाई सम्मान,
- ❖ प्रदेश सरकारले पर्यटन गुरुयोजना अनुरूप पूर्वाधार विकास तथा प्रवर्द्धन कार्यक्रमहरू कार्यान्वयन गरिरहेको साथै, पर्यटन वर्ष २०८२ मनाउने घोषणा गर्दै ८२ पर्यटन गन्तव्यसहितका विविध कार्यक्रमहरू स्वीकृतिको क्रममा,
- ❖ धार्मिक, साँस्कृतिक, प्राकृतिक र ग्रामीण पर्यटन प्रवर्द्धनका लागि पर्यटन विकास आयोजनामार्फत विभिन्न संरचनाहरू निर्माण भएका जसमा पार्क, दृश्यावलोकन टावर, कम्युनिटी हल, मन्दिर तथा पदमार्ग निर्माणका योजनाहरू कार्यान्वयनमा।

## वन व्यवस्थापन तथा उपयोग

- ❖ वन संरक्षण तथा व्यवस्थापनमा ध्यान दिँदै ८४५.६३ हेक्टर क्षेत्रमा वृक्षारोपण गरिएको तथा वन क्षेत्रबाट विभिन्न स्रोतहरूको उपयोग गर्दै ४ अर्ब ८३ करोड ७९ लाख राजस्व संकलन गरिएको,
- ❖ जलाधार व्यवस्थापनका १३१ स्थानमा कार्यक्रमहरू लागू गरिएको तथा राष्ट्रिय वन अतिक्रमण न्यूनीकरणका लागि प्रयास जारी राख्दै १०८.६२ हेक्टर भूमि पुनः प्राप्त गरिएको।

## वातावरण संरक्षण

- ❖ जलवायु अनुकूलनः ५३ नमूना गाउँ, ७२ पर्यटन हरित उद्यान, १४ जैविक विविधता क्षेत्र, १५४ स्थानमा भूस्खलन नियन्त्रण, ९३.२ किमी खोला किनार संरक्षण,
- ❖ वातावरणीय अध्ययनः २४२ संक्षिप्त तथा प्रारम्भिक अध्ययन, प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत।

## पूर्वाधार विकास

- ❖ सार्वजनिक निजी साझेदारी (PPP): ७ वटा परियोजना अगाडी बढाइएका, भेडेटार स्काईवाक सम्पन्न, विराटनगर नगर बस र व्यापारिक कम्प्लेक्स निर्माण प्रगतिमा,
- ❖ लगानी प्रोत्साहनः ९६ PPP परियोजनाहरू सूचीवद्ध, १८ को पूर्वसम्भाव्यता अध्ययन, २०८२ सालमा लगानी सम्मेलन आयोजना तयारी,
- ❖ सडक तथा पुलः ४५३.९२ कि.मि. बहुवर्षीय सडक, ६०८.२७ कि.मि. कालोपत्रे, ९३ पक्की पुल, २२२ झोलुङ्गे पुल निर्माण,
- ❖ शहरी विकासः ११३ सामुदायिक भवन, २८ सरकारी भवन, ७२८४ जनता आवास, २ भ्युटावर, १ रङ्गशाला निर्माण सम्पन्न,
- ❖ सिंचाई तथा जल स्रोतः ३१५४५८ हेक्टर जमिनमा सिंचाई सुविधा, १२३ कि.मि. तटबन्ध निर्माण, १५०० हे. जमिन उकास,
- ❖ खानेपानी तथा सरसफाईः ९२.१८% जनसंख्या आधारभूत खानेपानी, ९७.८३% जनसंख्या सरसफाई सुविधायुक्त,
- ❖ ऊर्जाः ६५० मेगावाट जलविद्युत् उत्पादन, ११,०१० परिवारमा सौर्य तथा नविकरणीय ऊर्जा,
- ❖ सूचना तथा प्रविधिः 'जनतासँग कोशी प्रदेश सरकार' कार्यक्रम, 'कोशी दर्पण' पत्रिका, डिजिटल कार्यालय व्यवस्थापन प्रणाली GIOMS, विभिन्न सूचना प्रणालीहरू सञ्चालन।



कोशी प्रदेश सरकारद्वारा निर्मित कोशी प्रदेश प्रहरी कार्यालयको भवन

स्वच्छ, सुखी र समुन्नत प्रदेश

# कोशी प्रदेश सरकारको ७ वर्ष





प्रदेश सरकार
कोशी प्रदेश, विराटनगर
www.koshi.gov.np

## कोशी प्रदेश सरकार स्थापनाको सात वर्ष

कोशी प्रदेश सरकार स्थापना भएको सात वर्ष पुगेको छ। २०७४ साल फागुन ३ गते कोशी प्रदेश सरकार स्थापना भएको हो। सात वर्षको अवधिमा नयाँ संरचनालाई स्थापित गरी संचालन गर्ने विषय निकै चुनौतीपूर्ण कार्य हो। कानुनी शून्यता र संरचनाविहीन अवस्थाबाट सरकारका कार्यसम्पादन गर्दै जनतामा सेवा प्रवाह गर्नु अत्यन्तै जटिल र कठिन थियो। यस्तो कठिन परिस्थितिबाट अगाडी बढेर प्रदेश सरकार आजको मितिसम्म आइपुग्दा यसले आफ्नो आकार ग्रहण गरेर आम जनतामा देखिने, सुनिने र अनुभूति गर्न सक्ने अवस्थामा पुगेको छ। आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरण सहित पूर्वाधार विकासको क्षेत्रमा समेत प्रदेश सरकारले छिटो र छरितो ढंगबाट आफ्ना कार्यहरु सम्पन्न गर्दै उल्लेखनीय प्रगति हासिल गरेको छ। उपलब्ध श्रोत र साधनको उच्चतम उपयोग गर्दै संविधानको भावना र मर्म अनुरुप प्रदेशको दिगो विकास, समृद्धि र सुशासनका लागि प्रदेश सरकार दृढताका साथ अगाडी बढिरहेको छ। कोशी प्रदेश सरकार स्थापना भए पश्चातका सात वर्षमा प्रदेश सरकारले पूर्वाधार विकास र सामाजिक न्यायका क्षेत्रमा महत्वपूर्ण कामहरु गर्दै जनता माझ प्रदेश सरकारको सान्दर्भिकता र औचित्य पुष्टि गर्न सफल भएको छ। यस अवधिमा हामीले सम्पन्न गरेका केही कामहरु र त्यसले प्रदेशबासी जनताको जीवनमा पारेको प्रभाव तथा प्राप्त लाभहरुको संक्षेपीकरण प्रस्तुत गर्ने जमर्को गरेका छौं।

## नीतिगत, कानूनी तथा शासकीय सुधार

- कानून निर्माण र सुधार,
- ७५ विधेयक पारित, जसमध्ये ६६ विधेयक प्रमाणित,
- ३१ नियमावली, १७ निर्देशिका, ६७ कार्यविधि, ५ गठन आदेश स्वीकृत,
- कुल १८८ कानूनी दस्तावेज कार्यान्वयनमा,
- संघीयता कार्यान्वयन र प्रशासनिक सुधार,
- २०७६ बैशाख २३ गते कोशी प्रदेशको राजधानी विराटनगर तोकिएको,
- २०७९ फागुन १७ गते कोशी प्रदेश नामाकरण गरिएको,
- ६६ स्थानीय तहमा कानून निर्माणसम्बन्धी छलफल सम्पन्न,
- ६ पटक प्रदेश समन्वय परिषद्को बैठक, १९९ सरकारी निकाय सञ्चालनमा,
- प्रदेशमा कर्मचारीः ५८% पदपूर्ति, ४०५८ दरबन्दी स्वीकृत,
- प्रशासनिक सुधार र सुशासन,
- प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान स्थापना,
- सुशासन ऐन, २०७६ अनुसार कर्मचारी आचारसंहिता लागू,
- गुनासो व्यवस्थापन प्रणाली डिजिटल रूपमा कार्यान्वयन,
- उच्चस्तरीय प्रशासन सुधार कार्यदल गठन,
- भ्रष्टाचार नियन्त्रणका लागि शून्य सहनशीलता नीति,
- २०८१ को भ्रष्टाचार विरोधी रणनीति तथा कार्ययोजना लागू,
- मन्त्रिपरिषद् सदस्य आचारसंहिता लागू,
- प्रदेश लोक सेवा आयोग, योजना आयोग, लगानी प्राधिकरण पूर्णता।

## बजेट तथा वित्तीय सुधार

- प्रदेश आयोजना बैंक सञ्चालन, ५० लाखभन्दा माथिका आयोजनाका लागि अनिवार्य प्रविष्टि नियम,
- २०७४/७५ देखि २०८०/८१ सम्म कुल बजेट रु. २ खर्ब २९ अर्ब,
- ७३.५% खर्च, जसमध्ये ९६ अर्ब ६९ करोड पूँजीगत खर्च,
- १३७ स्थानीय तहलाई २३ अर्ब १० करोड अनुदान हस्तान्तरण,
- संघीय सरकारबाट १ खर्ब १ अर्ब ८८ करोड अनुदान प्राप्त,
- वैदेशिक अनुदानबाट १९ करोड २६ लाख खर्च।

## शान्ति सुरक्षा र विपद् व्यवस्थापन

- ९७ प्रहरी कार्यालय निर्माण, ३७० मोटरसाइकल, १५ चारपाङ्ग्रे सवारी साधन उपलब्ध,
- विपद् व्यवस्थापन परिषद् गठन, विपद् सूचना पोर्टल सञ्चालन,
- स्वीकृत विपद् व्यवस्थापन केन्द्र स्थापना, विपद् राहत र पुनर्स्थापना कार्य।

## यातायात तथा भौतिक पूर्वाधार

- स्मार्ट लाइसेन्स कार्ड वितरण, सडक सुरक्षा सुधार, ट्राफिक लाइट जडान,
- सवारी साधनको इम्बोस्ड नम्बर प्लेट लागू गर्न पहल,
- २०८०/८१ मा यातायातबाट २९३ करोड राजस्व संकलन।

## कृषि प्रवर्द्धन

- १,७०१ हेक्टर चैते धान तथा ३,०८३ हेक्टर हाइब्रिड मकै खेतीमा प्रोत्साहन,
- २,५८४ हेक्टरमा सिँचाई सेवा विस्तार,
- ५,८०६ हेक्टरमा उन्नत मकै खेती तथा बिउ भण्डारण क्षमता वृद्धि,
- कृषि यान्त्रिकीकरणका लागि ३,२५२ उपकरण वितरण,
- ७५ कृषक पाठशालाहरू सञ्चालन,
- जैविक तथा सुरक्षित विषादी प्रवर्द्धन, कृषि पर्यटन प्रवर्द्धन,
- संरक्षित खेतीका लागि ४६ संरचना, ४,५६२ वर्ग मिटर हाईटेक पोलीहाउस निर्माण,
- कृषि उपज भण्डारणका लागि २,२८६ मे.टन क्षमताका कोल्ड स्टोरेज निर्माण।

## उद्योग र वाणिज्य

- कोशी प्रदेशमा वाणिज्य फर्महरूको दर्ता, नवीकरण, र खारेजी प्रक्रिया घरेलु तथा साना उद्योग कार्यालय र उद्योग, कृषि तथा सहकारी मन्त्रालयको माध्यमबाट व्यवस्थापन गरिएको,
- उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार बजार अनुगमन नियमित रूपमा गरिएको,
- २०७५/७६ देखि २०८०/८१ सम्म ४६,५६७ उद्योग दर्ता भएका छन्, जसमा ३४,४७१ उद्योग नवीकरण भएका र ४,८७२ उद्योग खारेज भएका,
- ३०,००० भन्दा बढी व्यक्तिहरूलाई उद्यमशीलता र सिप विकास तालिम दिइएको छ र ७,००० लघु उद्योगको क्षमता अभिवृद्धि गरिएको।

## सहकारी

- प्रदेशमा सहकारीहरूको क्षमता अभिवृद्धिका लागि १५२ तालिम सञ्चालन गरिएको र ४,१९४ व्यक्तिलाई प्रशिक्षण दिइएको,
- ५ वटा सहकारीको छानबिन गरिएको, २ वटा सहकारी मिलापत्र गरिएको र एउटा सहकारी समस्याग्रस्त घोषणा गरिएको,
- २०८१ मा समस्याग्रस्त सहकारीहरूको समाधानका लागि समिति गठन गरिएको छ। सहकारी संस्थामा एप्लीकेशन सफ्टवेयर लागू गरी व्यवस्थापनमा सुधार गरिएको,
- सहकारी क्षेत्रमा १५,१५० रोजगारी सिर्जना भएको छ र २१ अर्ब ५२ करोड शेयर पूँजी रहेको।

## स्वास्थ्य क्षेत्र

- विद्यालय नर्सिङ सेवा कार्यक्रम २०७५/७६ बाट १४ जिल्लाका १४ विद्यालयमा सुरु गरी हाल १७३ विद्यालयमा विस्तार गरिएको,
- नसर्ने रोग पहिचान र रोकथामः झापा, मोरङ, सुनसरी, इलाम, संखुवासभा, ओखलढुंगा र ताप्लेजुङमा ब्लड प्रेसर र सुगर परीक्षण, प्रत्येक वर्ष १ लाखभन्दा बढीको परीक्षण भएको,
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा २०७७/७८ देखि ३ जिल्लाबाट सुरु, २०७९/८० मा १४ वटै जिल्लामा विस्तार भएको,
- ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम अन्तर्गत मातृ तथा शिशु स्वास्थ्य सुदृढीकरण भएको,
- कोशी प्रदेशलाई पूर्ण खोप सुनिश्चितता, २०८०/८१ मा विराटनगरमा विशेष समारोह गरी घोषणा भएको,
- MR/IPV (दादुरा, रुबेला, इन्जेक्टेबल पोलियो) खोप अभियान सम्पन्न,
- टाइफाइड विरुद्धको खोप २०८०/८१ मा सुरु,
- २०७५/७६ देखि झापा, मोरङ, धनकुटा, इलाम र पाँचथरमा Mass Drug Administration,
- महिला स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रम,
- २०७७/७८ देखि 'एक पालिका, एक उत्कृष्ट स्वयंसेविका सम्मान', २०८०/८१ मा प्रदेश तहसम्म विस्तार, प्रत्येक स्वयंसेविकालाई रु. ५,००० प्रोत्साहन रकम,
- २०७९/२/१७ देखि प्रादेशिक प्रेषण केन्द्र सञ्चालन,
- १०२ हेल्पलाइनमार्फत २४ घण्टा सेवा,
- हाल ८३ एम्बुलेन्समा GPS जडान,
- उदयपुर, इलाम र पाँचथरमा डायलाइसिस सेवा,
- मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा CT Scan सेवा सुरु,
- प्रदेशका सबै अस्पतालमा अक्सिजन प्लान्ट जडान,
- शैलजा आचार्य हृदय रोग केन्द्र स्थापना,
- निजी अस्पतालहरूको नवीकरण तथा नयाँ अस्पताल सञ्चालन स्वीकृती,
- Minimum Service Standards (MSS) प्रणाली लागू,
- आयुर्वेद तथा प्राकृतिक चिकित्सा प्रवर्द्धन,
- मोरङमा प्राकृतिक चिकित्सा, अक्युपञ्चर र होमियोप्याथिक सेवा,
- लखनपुरमा प्रादेशिक आयुर्वेद अस्पताल स्थापना,
- डेङ्गी महामारी रोकथामका लागि “खोज र नष्ट गर” अभियान,
- क्षयरोग, मलेरिया, कालाजार, डेङ्गी तथा HIV नियन्त्रण कार्यक्रम,
- प्रदेश जनस्वास्थ्य प्रयोगशाला स्थापना (२०७५/०३/१२),
- पाठेघरको मुखको क्यान्सर परीक्षण तथा HPV DNA परीक्षण,
- कोभिड-१९ व्यवस्थापन तथा खोप अभियान,
- २०७६ मा कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्र स्थापना,
- क्यान्सर, मृगौला, मुटु, पार्किन्सन्स, अल्जाइमर, कलेजो, हेड इन्जुरी, स्पाइनल इन्जुरी, मस्तिष्कघात, अप्लास्टिक एनेमिया, थालासेमिया रोगीलाई सहायता,
- २०८० देखि १० वर्ष मुनिका बालबालिकालाई निःशुल्क उपचार,
- सरकारी तथा सम्झौता भएका निजी अस्पतालमार्फत विशेषज्ञ सेवाहरू उपलब्ध।

## उच्च शिक्षा

- नेपालको पहिलो प्राविधिक विश्वविद्यालय, मनमोहन प्राविधिक विश्वविद्यालय (स्थापनाः २०७६) मा इन्जिनियरिङ, फार्मेसी, कानूनका स्नातक र स्नातकोत्तर कार्यक्रम सञ्चालन,
- ९४ सामुदायिक क्याम्पसको पूँजीगत तथा प्रशासकीय सुधार।

## भाषा, कला, संस्कृति तथा पुरातत्व

- २०७५/०७६ देखि हालसम्म ८१ श्रष्टा तथा नवदीत प्रतिभाहरू सम्मानित,
- विद्यालय शिक्षा तथा प्राविधिक शिक्षा,
- CTEVT पाठ्यक्रम अनुसार १,००० युवालाई ३९० घण्टे व्यावसायिक तालिम,
- ८३ सामुदायिक विद्यालयमा प्राविधिक धार कक्षा ९-१२ का प्रयोगशालाहरू सुदृढ,
- ३ आंगिक तथा १३ साझेदार शिक्षालयहरूको प्रयोगशाला सुधार,
- १४० सिप परीक्षण मूल्याङ्कनकर्तालाई आधारभूत तालिम,
- RPL विधिबाट ३६९ व्यक्तिको निशुल्क सिप परीक्षण,
- १० शिक्षालयमार्फत २४ महिने अप्रेन्टिसशिप तालिम, २३२ युवा प्रशिक्षित, १३ शिक्षालयमा १,००० विद्यार्थी अध्ययनरत,
- ३२ शिक्षालयहरूको संस्थागत तथा प्रशिक्षक क्षमता विकास,
- इनरुवा, सुनसरीमा “क्यारियर बुथ सेन्टर“ स्थापना,
- मोरङमा बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि आवासीय विद्यालय,
- १९६ विद्यालयमा स्वच्छ पिउने पानी व्यवस्था,
- १३२ विद्यालयमा छात्रा शौचालय निर्माणका लागि अनुदान,
- १,२३८ विद्यालयलाई इ-एजुकेसन उपकरण तथा २५ पुस्तकालयलाई अनुदान,
- उत्कृष्ट व्यवस्थापन भएका २७ विद्यालयलाई प्रोत्साहन अनुदान,
- मर्ज भएका १० विद्यालयलाई प्रोत्साहन अनुदान,